# विषय-सूची


**पेज नं.**

**प्रस्तावना** १

**परिच्छेद-१ प्रारम्भिक** १

१. संक्षिप्त नाम र प्रारम्भः १

२. परिभाषाः १

**परिच्छेद-२ कोषमा रकम जम्मा गर्ने व्यवस्थासम्बन्धी** २

३. रकम जम्मा गर्नुपर्नेः २

४. अग्रिम दाखिला गर्नुपर्नेः २

५. रकम जम्मा गर्नु नपर्ने व्यहोराको जानकारीः ३

६. विवरण अद्यावधिक राख्नुपर्नेः ३

७. कोष सञ्चालन समितिमा विवरण पेश गर्नुपर्नेः ४

८. रकम जम्मा नगर्ने सहकारी संस्थाहरुको लगत खडा गर्न सक्नेः ४

९. लगत कट्टीसम्बन्धी व्यवस्थाः ५

१०. मन्त्रालयको योगदान छुट्टै आम्दानी बाँध्नुपर्नेः ६

**परिच्छेद-३ कोषको रकम स्वीकृतिसम्बन्धी** ६

११. प्रस्ताव माग गर्नेः ६

१२. प्रस्ताव पेश गर्न सक्नेः ७

१३. प्रस्ताव उपर छानविन गर्नेः ७

१४. कोषको रकम माग गर्नेः ७

१५. दोहोरो पर्ने गरी प्रस्ताव समावेश गर्न नहुनेः ८

१६. प्रस्तावको प्राथमिकीकरणः ८

१७. रकम उपलब्ध गराउने आधारः १०

१८. उपसमिति गठन गर्न सक्नेः १०

१९. रकम उपलब्ध गराउने स्वीकृतिः ११

**परिच्छेद-४ स्वीकृत रकम भुक्तानी र उपयोगसम्बन्धी** ११

२०. सम्झौता गर्नुपर्नेः ११

२१. भुक्तानी सम्बन्धी व्यवस्थाः ११

२२. कोषको रकम उपयोगका शर्त-बन्देजहरुः १२

२३. खाता सञ्चालनः १२

२४. लेखा तथा अभिलेखः १३

२५. लेखापरीक्षणः १३

**परिच्छेद-५ विविध** १३

२६. सञ्चालन खर्च सम्बन्धी व्यवस्थाः १३

२७. कोष सञ्चालन समितिले तोके बमोजिम हुनेः १३

२८. व्याख्या गर्ने अधिकारः १३

अनुसूची -१

सहकारी संस्था वा संघले रकम जम्मा गरेको विवरण फाराम १४

अनुसूची -२

अग्रिम दाखिला गर्ने सहकारी संस्था वा संघले रकम समायोजनको लागि पठाएको विवरण फाराम १५

अनुसूची -३

कोषमा रकम जम्मा गरेका सहकारी संस्था वा संघको अद्यावधिक विवरण फाराम १६

अनुसूची -४

कोषमा जम्मा गरिएको रकमको अद्यावधिक विवरण १७

अनुसूची -५

रकम जम्मा नगर्ने सहकारी संस्था वा संघको लगत १८

अनुसूची -६

सहकारी संस्था वा संघले कोषको रकम माग गर्ने निवेदनको ढाँचा १९

अनुसूची-७

सहकारी संस्था वा संघको प्रस्तावहरुको विवरणको ढाँचा २०

अनुसूची -८

सम्झौताको ढाँचा २१

स्वीकृत मितिः २०७६/१०/२३

# सहकारी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** सहकारी ऐन, २०७४ को दफा ७० बमोजिमको सहकारी प्रवर्द्धन कोष सञ्चालनका मानक एवं प्रक्रियाहरू निर्धारण गर्न वाञ्छनीय भएकाले,

सहकारी नियमावली, २०७५ को नियम २६ को उपनियम (९) ले दिएको अधिकार प्रयोग गरी सहकारी प्रवर्द्धन कोषको समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि सहकारी प्रवर्द्धन कोषको समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले ऐनको दफा ७० को उपदफा (३) बमोजिमको सहकारी प्रवर्द्धन कोष सम्झनु पर्छ ।

(ग) "कोष सञ्चालन समिति" भन्नाले ऐनको दफा ७० को उपदफा (७) बमोजिमको सहकारी प्रवर्द्धन कोषको समिति सम्झनु पर्छ ।

(घ) "कोष प्रमुख" भन्नाले मन्त्रालयले कोष प्रमुखको रूपमा कार्य गर्ने गरी तोकिदिएको राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीको अधिकृत सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्छ ।

(च) "महासङ्घ" भन्नाले राष्ट्रिय सहकारी महासङ्घ सम्झनु पर्छ ।

(छ) "लेखा प्रमुख" भन्नाले मन्त्रालयले कोषको लेखा प्रमुखको रूपमा कार्य गर्ने गरी तोकिदिएको राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणीको अधिकृत सम्झनु पर्छ ।

# परिच्छेद -२
## कोषमा रकम जम्मा गर्ने व्यवस्थासम्बन्धी

३. **रकम जम्मा गर्नु पर्ने:** (१) ऐनको दफा ७० को उपदफा (२) बमोजिम सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको खुद बचत रकमबाट कोषमा जम्मा गर्नुपर्ने रकम लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख हुने गरी छुट्ट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्ट्याइएको रकम साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन अनुमोदन भएको मितिले पन्ध्र दिनभित्र सहकारी संस्थाले मन्त्रालयले खोलिदिएको कोषको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कोषको खातामा रकम जम्मा गरिएको व्यहोराको जानकारी सात दिनभित्र अनुसुची-१ बमोजिमको ढाँचामा कोष प्रमुखलाई दिनु पर्नेछ ।

४. **अग्रिम दाखिला गर्नु पर्ने:** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवश ऐनको दफा ७५ को उपदफा (१) बमोजिमको म्यादभित्र लेखापरीक्षण हुन नसकेको वा दफा ३९ को उपदफा (२) बमोजिमको म्यादभित्र साधारण सभा बस्न नसकेको वा साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन स्वीकृत हुन नसकेको खण्डमा सहकारी संस्थाले दफा ३ को उपदफा (१) बमोजिम छुट्ट्याइएको रकम माघ महिनाको पन्ध्र गतेभित्र अग्रिम दाखिलाबापत कोषको खातामा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अग्रिम दाखिलाबापत कोषको खातामा रकम जम्मा गरिएकोमा लेखापरीक्षण हुँदा कोषमा जम्मा गर्नुपर्ने रकम घटी बढी कायम हुने देखिएकोमा सहकारी संस्थाले साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र अनुसुची-२ बमोजिमको ढाँचामा देहायबमोजिम गरी समायोजनका लागि कोष प्रमुखलाई जानकारी गराउनु पर्नेछः-

(क) अग्रिम दाखिलाभन्दा बढी रकम जम्मा गर्नुपर्ने भनी लेखापरीक्षणबाट कायम भएकोमा त्यसरी बढी हुनेजति रकम कोषको खातामा जम्मा गरी तदनुसार जम्मा रकम कायम गरिदिन र

(ख) अग्रिम दाखिलाभन्दा घटी रकम जम्मा गर्नुपर्ने भनी लेखापरीक्षणबाट कायम भएकोमा तदनुसार जम्मा रकम कायम गरी घटी हुनेजति रकम सहकारी संस्थामा फिर्ता पठाइदिन ।

(३) कुनै कारणवश उपदफा (२) मा उल्लिखित अवधिभित्र समायोजनका लागि जानकारी पठाउन छुट भएकोमा सोको कारण जनाई त्यसपछि पनि समायोजनका लागि जानकारी पठाउन सकिनेछ ।

५. **रकम जम्मा गर्नु नपर्ने व्यहोराको जानकारीः** कुनै आर्थिक वर्षमा खुद बचत रकम नभएको कारणले ऐनको दफा ७० को उपदफा (२) बमोजिम कोषमा रकम जम्मा गर्नु नपर्ने रहेछ भने लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन भएको सोको पन्ध्र दिनभित्र र दफा (४) को उपदफा (१) को अवस्थामा माघ महिनाको पन्ध्र गतेभित्र सहकारी संस्थाले सोही व्यहोरा जनाएर कोष प्रमुखलाई जानकारी गराउनु पर्नेछ ।

६. **विवरण अद्यावधिक राख्नु पर्नेः** (१) लेखा प्रमुखले देहायका आधारमा प्रत्येक आर्थिक वर्षमा कोषमा रकम जम्मा गरेका सहकारी संस्थाको विवरण अनुसूची-३ र जम्मा गरिएको रकमको चौमासिक विवरण अनुसुची-४ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछः-

(क) विभागबाट प्राप्त हुने मौजुदा सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षको अद्यावधिक विवरण र

(ख) दफा ३ को उपदफा (३) वा दफा ५ बमोजिम सहकारी संस्थाहरूबाट प्राप्त जानकारी ।

(२) उपदफा (१) बमोजिमको विवरण कोष प्रमुखबाट प्रमाणित गराई राख्नुपर्नेछ ।

७. **<u>कोष सञ्चालन समितिमा विवरण पेश गर्नु पर्नेः</u>** (१) कोष प्रमुखले दफा ६ बमोजिमको विवरण अनुमोदनका लागि कोष सञ्चालन समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण पेश गर्दा दफा ४ को उपदफा (२) बमोजिमको समायोजन गर्नुपर्ने रकम समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पेस भएको विवरण अनुमोदन गर्ने सिलसिलामा कोष सञ्चालन समितिले अन्य कुराका अतिरिक्त देहायबमोजिम निर्णय गर्न सक्नेछः-

(क) विवरणमा कुनै त्रुटि भएको वा कुनै कुरा छुट भएकोमा सच्याउन निर्देशन दिने,

(ख) समायोजन गर्नुपर्ने रकमहरू समायोजन गरी बढी दाखिला हुन आएको रकम सम्बन्धित सहकारी संस्थालाई फिर्ता गर्ने,

(ग) कुनै सहकारी संस्थाले दफा ३ बमोजिम कोषमा रकम जम्मा नगरेको वा दफा ४ बमोजिम अग्रिम दाखिला नगरेको वा दफा ५ बमोजिम रकम जम्मा गर्नु नपर्ने व्यहोराको जानकारी नगराएकोमा मनासिब समय दिएर ताकेता पठाउने वा

(घ) खण्ड (ग) बमोजिम ताकेता पठाउँदा समेत बेवास्ता गर्ने सहकारी संस्थाको हकमा दफा ८ बमोजिम लगत खडा गर्ने ।

८. **<u>रकम जम्मा नगर्ने सहकारी संस्थाहरूको लगत खडा गर्न सक्नेः</u>** (१) कोष सञ्चालन समितिले ताकिता गर्दा समेत दफा ३ बमोजिम कोषमा रकम जम्मा नगर्ने वा दफा ४ बमोजिम अग्रिम दाखिला नगर्ने वा दफा ५ बमोजिम रकम जम्मा गर्नु नपर्ने व्यहोराको जानकारी नगराउने सहकारी संस्थाको हकमा लगत खडा गर्नेछ ।

(२) कोष प्रमुखले उपदफा (१) बमोजिम लगत खडा गर्ने निर्णय भएका सहकारी संस्थाहरूको अनुसुची-५ बमोजिमको ढाँचामा लगत खडा गरी

सम्बन्धित सहकारी संस्थाका साथै विभाग, सम्बन्धित सङ्घ र महासङ्घ समेतलाई सोको जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लगत खडा गरिएको सहकारी संस्थाले लगतमा रहेको अवधिसम्म कोषबाट नयाँ वा स्वीकृत भएको रकम मध्येको बाँकी कुनै रकम प्राप्त गर्न सक्ने छैन ।

(४) कोष सञ्चालन समितिले उपदफा (२) बमोजिम लगत खडा गरिएको सहकारी संस्थाको हकमा ऐन तथा नियमावली बमोजिम आवश्यक कारबाहीका लागि विभागमा लेखी पठाउन सक्नेछ ।

९. **लगत कट्टीसम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा कोष सञ्चालन समितिले दफा ८ बमोजिम लगत खडा गरिएको सहकारी संस्थाको लगत कट्टी गरिदिन सक्नेछः-

(क) दफा ५ बमोजिम रकम जम्मा गर्नु नपर्ने व्यहोराको जानकारी नगराएको सहकारी संस्थाको हकमा सम्बन्धित सहकारी संस्थाका तर्फबाट मनासिब कारण जनाएर प्रतिबद्धता-पत्र प्राप्त भएकोमा,

(ख) दफा ३ बमोजिम कोषमा रकम जम्मा नगर्ने वा दफा ४ बमोजिम अग्रिम दाखिला नगर्ने सहकारी संस्थाको हकमा सम्बन्धित सहकारी संस्थाका तर्फबाट मनासिब कारण जनाएर सम्बन्धित आर्थिक वर्षको माघ सोह्र गते देखि रकम जम्मा वा दाखिला गरेको अघिल्लो दिन सम्मको कोष सञ्चालन समितिले तोकेको दरमा सुदसहित रकम जम्मा वा दाखिला गरेकोमा वा

(ग) सम्बन्धित सहकारी संस्थाका तर्फबाट कोष सञ्चालन समितिले मनासिब ठहऱ्याएको अन्य कुनै कारण जनाएर प्रतिबद्धता-पत्र प्राप्त हुन आएकोमा ।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ५१ को उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याज दरभन्दा बढी हुने गरी सुदको दर तोकिने छैन ।

(३) कोष प्रमुखले उपदफा (१) बमोजिम कोष सञ्चालन समितिले गरेको निर्णयानुसार सहकारी संस्थाको लगत कट्टी गरी लगत कट्टी गरिएको व्यहोराको जानकारी सम्बन्धित सहकारी संस्थाका साथै विभाग, सम्बन्धित सङ्घ र महासङ्घ समेतलाई दिनु पर्नेछ ।

१०. **<u>मन्त्रालयको योगदान छुट्टै आम्दानी बाँध्नु पर्ने:</u>** लेखा प्रमुखले नियमावलीको नियम २६ को उपनियम (१) बमोजिम मन्त्रालयले कोषमा उपलब्ध गराएको रकमको हिसाब छुट्टै देखिने गरी आम्दानी बाँध्नु पर्नेछ ।

## परिच्छेद -३
## <u>कोषको रकम स्वीकृतिसम्बन्धी</u>

११. **<u>प्रस्ताव माग गर्ने:</u>** (१) नियमावलीको नियम २६ को उपनियम (४) र (६) बमोजिम महासङ्घले सङ्घहरूबाट र सङ्घले आफ्ना सदस्य संस्थाहरूबाट प्रत्येक आर्थिक वर्षको पुस महिनाभित्र पेश गर्नुपर्ने गरी पहिलो पटक र असार महिनाभित्र पेश गर्नुपर्ने गरी दोस्रो पटक समितिले तय गरेअनुसार पत्र, सार्वजनिक सूचना वा सञ्चारको अन्य उपयुक्त माध्यमबाट प्रस्ताव माग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा अन्य कुराका अतिरिक्त सङ्घले आफ्नो विषय प्रकृतिअनुसार देहायको विवरण खुल्ने गरी निवेदनको ढाँचा र सोसाथ संलग्न गर्नुपर्ने विवरण तथा कागजातहरू तोक्नु पर्नेछः-

(क) ऐनको दफा ७० को उपदफा (८) बमोजिम सहकारी व्यवसायको पूर्वाधारतर्फ हुने लगानी र व्यवसाय वा बजार प्रवर्द्धन, शिक्षा, सूचना वा तालिम र अनुगमन लगायतमा हुने खर्चको रकम,

(ख) प्रस्तावित आयोजनाका लागि आवश्यक कुल रकममध्ये लगानी र खर्चतर्फ छुट्टाछुट्टै देखिने गरी आवेदक संस्था वा सङ्घको आफ्नो स्रोतबाट जुटाइने रकम र कोषबाट आवश्यक हुने रकम,

(ग) आवेदक संस्था वा सङ्घको सदस्य सङ्ख्या, वार्षिक कारोबार र कोषमा गरेको योगदानको विवरण,

(घ) दफा १५ बमोजिमका मापदण्ड अनुरूप प्राथमिकीकरण गर्न आवश्यक आधार, प्रमाण र

(ङ) सम्भाव्यता अध्ययन वा पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदन वा के गर्ने ? किन गर्ने ? कसरी गर्ने ? कति-कहिले गर्ने ? र कहाँ-कसले गर्ने ? भन्ने खुलेको व्यावसायिक वा प्रवर्द्धन कार्ययोजना।

१२. **प्रस्ताव पेश गर्न सक्नेः** (१) दफा ११ बमोजिम प्रस्ताव माग भएअनुसार सङ्घ वा सम्बन्धित संस्थाले कोषको रकम समेतबाट सञ्चालन गरिने आयोजनाका लागि महासङ्घ वा सङ्घमा प्रस्ताव पेश गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा आवेदक संस्था वा सङ्घको साधारण सभाले निर्णय गरेको हुनुपर्नेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकारको निकाय, स्थानीय तह वा अन्य कुनै निकाय वा संस्थाको तर्फबाट प्रस्तावित आयोजनाका लागि प्राविधिक वा वित्तीय सहयोग उपलब्ध हुनेमा तत्सम्बन्धी विवरणसमेत प्रस्तावमा खुलाउन सकिनेछ ।

१३. **प्रस्ताव उपर छानबिन गर्नेः** सदस्य संघ वा संस्थाहरुबाट प्राप्त प्रस्तावहरुको छानबिन गर्न महासंघ वा संघको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने छ ।

१४. **कोषको रकम माग गर्नेः** (१) दफा १३ बमोजिम उपसमिति गठन गरिएको भए सो उपसमितिको सिफारिस समेतको आधार लिई सङ्घको समितिले उपयुक्त देखिएका प्रस्तावहरू र महासङ्घ वा सङ्घको आफ्नो प्रस्ताव समेतका लागि कोषबाट जम्मा आवश्यक रकम माग गरी अनुसुची-६ बमोजिमको ढाँचामा देहायको अवधिभित्र कोष सञ्चालन समितिको अध्यक्ष समक्ष निवेदन दिनु पर्नेछः-

(क) गत आर्थिक वर्षको असारसम्म प्राप्त आवेदनका आधारमा चालु आर्थिक वर्षको पहिलो माग कात्तिक महिनाभित्र र

(ख) चालु आर्थिक वर्षको पुससम्म प्राप्त आवेदनका आधारमा चालु आर्थिक वर्षको दोस्रो माग फागुन महिनाभित्र।

(२) उपदफा (१) बमोजिमको निवेदनमा महासङ्घ वा सम्बन्धित सङ्घको अध्यक्षले हस्ताक्षर गरी निवेदनसाथ अनुसुची-७ बमोजिमको ढाँचामा प्रस्तावहरूको विवरण संलग्न गरिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महासङ्घ वा सङ्घको आफ्नो प्रस्तावका हकमा साधारण सभाबाट पारित भएपछिको जुनसुकै निवेदनमा समावेश गर्न सकिनेछ ।

(४) महासङ्घ वा सङ्घले कोष सञ्चालन समितिले मागेका बखत उपलब्ध गराउने गरी दफा १२ बमोजिम पेस गरेको प्रस्ताव र तत्सम्बन्धी विवरण तथा कागजातहरू सुरक्षित राख्नु पर्नेछ ।

१५. **<u>दोहोरो पर्ने गरी प्रस्ताव समावेश गर्न नहुने:</u>** (१) सङ्घले दफा १२ बमोजिम महासङ्घ मार्फत पेश गरेको प्रस्ताव पुनः दफा १४ बमोजिम आफूले पेश गर्ने आफ्नो प्रस्तावमा समावेश गर्नु हुँदैन ।

(२) संस्था वा संघले दफा १२ बमोजिम कुनै एक संघमा पेश गरेको प्रस्ताव अर्को संघमा सोही आर्थिक वर्षमा पेश गर्न सक्ने छैन ।

१६. **<u>प्रस्तावको प्राथमिकीकरण:</u>** (१) कोष सञ्चालन समितिले नियमावलीको नियम २६ को उपनियम (५) बमोजिम महासङ्घ र सङ्घहरूलाई रकम उपलब्ध गराउने प्रयोजनका लागि प्राप्त प्रस्तावको आधार लिँदा देहायका मापदण्ड अनुरूप प्राथमिकीकरण गर्नेछः-

(क) प्रस्तावित आयोजनामा हुने लगानी र त्यसबाट सृजना हुने कार्यमा वार्षिक पूर्णकालीन रूपमा रोजगारी वा स्व-रोजगारीको अवसर प्राप्त गर्ने व्यक्तिको अनुपात,

(ख) प्रस्तावित आयोजनाबाट हुन जाने विशेष गरी विपन्न महिला, बेरोजगार श्रमिक वा भूमिहीन कृषक संलग्न रहने श्रमिक सहकारिता र सहकारी खेती वा कीट, पशु, पन्छीपालनको विकास,

(ग) प्रस्तावित आयोजनाबाट स्थानीय उत्पादनको मूल्य शृङ्खला विकास गरी उत्पादकलाई उत्पादनको उचित मूल्य दिलाउन पुग्ने सहयोग,

(घ) प्रस्तावित आयोजनाबाट दैनिक आवश्यकताका अत्यावश्यक वस्तुको सुलभता, आधारभूत स्वास्थ्य सेवामा पहुँच, निर्यात प्रवर्धन, प्राकृतिक स्रोतको संरक्षण, लैङ्गिक समानता प्रवर्द्धन र सामाजिक समावेशीकरणमा पर्ने सकारात्मक प्रभाव,

(ङ) प्रस्तावित आयोजनाबाट सहकारी कार्यमा नवपुस्ता र खास गरी विदेशबाट फर्किएका युवाजनको सहभागितालाई मिल्ने प्रोत्साहन,

(च) प्रस्तावित आयोजनाबाट सहकारी सुशासन, जनस्तरमा सहकारी संस्थाको छवि प्रक्षेपण र सहकारिताको विकासमा पर्ने सकारात्मक प्रभाव र

(छ) कोष सञ्चालन समितिले निर्धारण गरेका अन्य मापदण्डहरू ।

(२) नेपाल सरकार वा प्रदेश सरकारको निकाय, स्थानीय तह वा अन्य कुनै निकाय वा संस्थाको तर्फबाट प्राविधिक वा वित्तीय सहयोग उपलब्ध हुने प्रस्तावित आयोजनाका लागि विशेष प्राथमिकता दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) का मानदण्ड अनुरूप प्राप्त प्रस्तावहरूलाई प्रकृतिगत रूपमा पहिलो, दोस्रो र तेस्रो प्राथमिकता प्राप्त प्रस्तावका रूपमा वर्गीकरण गरिनेछ ।

(४) उपदफा (३) बमोजिम प्राथमिकीकरण गर्दा प्रकृतिगत रूपमा कोषको उद्देश्यसम्मत नदेखिएको प्रस्तावलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(५) प्राथमिकीकरणको ढाँचा, मापदण्डगत अङ्कभार र प्राथमिकता वर्गीकरण लगायतका कुरा कोष सञ्चालन समितिले तोकेबमोजिम हुनेछ ।

१७. **रकम उपलब्ध गराउने आधारः** (१) नियमावलीको नियम २६ को उपनियम (२) र (३) बमोजिम महासङ्घ लगायत प्रत्येक वर्गका सङ्घहरूलाई उपलब्ध गराउन सकिने अधिकतम अनुपातले हुने सीमाङ्कन सम्मको रकम उपलब्ध गराउने प्रयोजनका लागि महासङ्घ र प्रत्येक वर्गका सङ्घहरूले पेश गरेका छनौट प्रक्रियामा समावेश गरिएका प्रस्तावहरूका लागि माग भएको रकमको आधार लिइनेछ ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा कोषको स्रोत उपलब्धताका आधारमा महासङ्घ र प्रत्येक वर्गका सङ्घहरूका तर्फबाट पेस गरिएका आ-आफ्नो छुट्टाछुट्टै क्रममा पहिलो, दोस्रो र तेस्रो प्राथमिकता सम्ममा परेका प्रस्तावहरू लिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्राथमिकताको क्रम कायम गर्दा महासङ्घ वा कुनै वर्गको सङ्घहरूका तर्फबाट दफा १२ बमोजिम एक आर्थिक वर्षको अघिल्लो निवेदनमा प्राप्त तेस्रो प्राथमिकतासम्मको प्रस्ताव समावेश गर्दा समेत अधिकतम् सीमा उपयोग नभएमा दोस्रो निवेदनमा प्राप्त प्रस्तावहरूमा सीमा समायोजन गर्न सकिनेछ । तर त्यसरी समायोजन गर्ने गरी अर्को आर्थिक वर्षमा सीमा सार्न सकिने छैन ।

(४) उपदफा (२) बमोजिम प्राथमिकताको क्रम कायम गर्दा महासङ्घ वा कुनै वर्गको सङ्घहरूका तर्फबाट दफा १२ बमोजिम एक आर्थिक वर्षको अघिल्लो निवेदनमा प्राप्त पहिलो, दोस्रो वा तेस्रो प्राथमिकताको प्रस्तावका लागि सीमा नपुग भएमा दोस्रो निवेदनमा सोही प्रस्ताव पुनः समावेश गर्न सकिनेछ । तर त्यसरी अर्को आर्थिक वर्षको हकमा पुनः प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(५) रकम उपलब्ध गराउने सम्बन्धी अन्य आधार र प्रक्रिया कोष सञ्चालन समितिले तोकेबमोजिम हुनेछ।

१८. **उपसमिति गठन गर्न सक्नेः** ऐन, नियमावली र यस कार्यविधिका व्यवस्था बमोजिम महासङ्घ र सङ्घहरूलाई कोषको रकम उपलब्ध गराउने सिफारिस गर्न कोष सञ्चालन समितिले उपसमिति गठन गर्न सक्नेछ ।

१९. **<u>रकम उपलब्ध गराउने स्वीकृतिः</u>** (१) कोष सञ्चालन समितिले दफा १८ बमोजिम उपसमिति गठन गरेकोमा सो उपसमितिको सिफारिस समेतका आधारमा अनुसुची -७ बमोजिमको ढाँचामा प्राप्त प्रस्तावहरूको विवरण समेत खुलाएर नियमावलीको नियम २६ को उपनियम (२) बमोजिम महासङ्घ र सङ्घहरूलाई कोषबाट उपलब्ध गराउने रकम स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष सञ्चालन समितिले स्वीकृति दिएको व्यहोराको जानकारी कोष प्रमुखले सम्बन्धित सहकारी संस्थाका साथै विभाग, सम्बन्धित सङ्घ र महासङ्घसमेतलाई दिनु पर्नेछ ।

(३) महासङ्घ र सम्बन्धित सङ्घले उपदफा (१) बमोजिमको विवरण सहितको जानकारी आफ्नो 'वेबसाइट' भए 'वेबसाइट' मा समेत राखी आवेदक सदस्य सङ्घ वा संस्थाहरूलाई गराउनु पर्नेछ ।

## परिच्छेद -४

## <u>स्वीकृत रकम भुक्तानी र उपयोगसम्बन्धी</u>

२०. **<u>सम्झौता गर्नु पर्नेः</u>** (१) दफा १९ बमोजिम कोषको रकम उपलब्ध गराउने स्वीकृति पछि महासङ्घ वा सङ्घ र मन्त्रालयबीचमा अनुसुची -८ बमोजिमको ढाँचामा सम्झौताका लागि कोष सञ्चालन समितिले सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा मन्त्रालयका तर्फबाट कोष प्रमुख वा निजबाट अधिकार प्राप्त कोषको कार्य गर्ने गरी मन्त्रालयले तोकिदिएको अधिकृतले हस्ताक्षर गर्नेछ ।

(३) महासङ्घ वा सङ्घ र सम्बन्धित सङ्घ वा संस्थाबीच महासङ्घ वा सङ्घको समितिले तोकेबमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

२१. **<u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u>** (१) कोषको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछः-

(क) सम्झौता भएपछि पचास प्रतिशतसम्म र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकम उपयोगको प्रगति प्रतिवेदन पेश भएपछि बाँकी रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषबाट महासङ्घ वा सङ्घलाई रकम उपलब्ध गराउँदा रु. दश लाखसम्मको प्रस्ताव र महासङ्घ वा सम्बन्धित सङ्घले सदस्य सङ्घ वा संस्थालाई रकम उपलब्ध गराउँदा रु. पाँच लाखसम्मको प्रस्तावको हकमा एकै किस्तामा भुक्तानी दिन सकिनेछ ।

(३) कोष सञ्चालन समितिले स्वीकृत रकम भुक्तानी दिने सम्बन्धमा अन्य शर्त वा आधारहरू तोक्न सक्नेछ ।

२२. **<u>कोषको रकम उपयोगका शर्त तथा बन्देजः</u>** महासङ्घ वा सम्बन्धित सङ्घ वा संस्थाले कोषको रकम उपयोग गर्दा ऐन, नियमावली तथा यस निर्देशिकामा अन्यत्र उल्लिखित व्यवस्थाका अतिरिक्त देहायका शर्त तथा बन्देजहरूको पालना गर्नु पर्नेछः-

(क) कोषबाट प्राप्त रकम छुट्टै खातामा आम्दानी बाँधी जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही कार्यका लागि उपयोग गर्नु पर्ने,

(ख) महासङ्घ वा सम्बन्धित सङ्घले सदस्य सङ्घ वा संस्थाका लागि स्वीकृत भएको कोषको रकम सम्बन्धित सङ्घ वा संस्थाले नलग्दासम्म सहकारी बैङ्क वा **"क"** वर्गको वाणिज्य बैङ्कमा रहेको खातामा नगदै राख्नु पर्नेछ । साथै यो रकम आफ्नो व्यवसायमा लगानी गर्न वा अन्य कुनै रूपमा उपयोग गर्न पाइने छैन ।

(ग) कोषको रकम स्वीकृत हुंदा तोकिएको ऐनको दफा ७० को उपदफा (८) बमोजिमको सहकारी व्यवसायको पूर्वाधारतर्फ हुनु पर्ने लगानी र व्यवसाय वा बजार प्रवर्द्धन, शिक्षा, सूचना वा तालीम र अनुगमन लगायतमा हुने खर्चतर्फको अनुपातको सीमा कायम राख्नु पर्नेछ, तर खर्चतर्फको सीमा घटाएर पूर्वाधारतर्फको सीमा बढाउन बाधा पर्ने छैन ।

(घ) कोष सञ्चालन समितिले समय-समयमा तोकिदिएका अन्य शर्त तथा बन्देजहरूको पालना गर्नु, गराउनु पर्नेछ ।

२३. **<u>खाता सञ्चालनः</u>** कोषको खाता कोष प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

२४. **<u>लेखा तथा अभिलेखः</u>** (१) कोषको लेखा नेपाल सरकारको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) लेखा प्रमुखले कोष सञ्चालन समितिले स्वीकृत गरेको ढाँचामा कोषको स्रोत तथा उपयोगको हिसाब देखिने गरी स्थायी किताब खडा गरी अद्यावधिक गरिएको हिसाबका साथै महासङ्घ वा सङ्घगत एकीकृत विवरणसमेत तयार पारी चौमासिक तथा वार्षिक रूपमा अद्यावधिक गरिएको हिसाब कोष प्रमुखबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(३) कोष सञ्चालन समितिले कोष परिचालनसँग सम्बन्धित अन्य अभिलेखसमेत राख्नु पर्ने गरी तोक्न सक्नेछ ।

२५. **<u>लेखापरीक्षणः</u>** (१) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

(२) महासङ्घ, सङ्घ वा संस्थाले ऐन बमोजिम कोषबाट प्राप्त रकमको लेखापरीक्षण गराउनु पर्नेछ ।

## परिच्छेद–५

## <u>विविध</u>

२६. **<u>सञ्चालन खर्चसम्बन्धी व्यवस्थाः</u>** कोषको उपयोग अवस्थाको अनुगमन, वार्षिक प्रतिवेदन प्रकाशन, कोष सञ्चालन समितिको बैठक सञ्चालन लगायतका खर्चका लागि अघिल्लो आर्थिक वर्षमा जम्मा भएको कुल रकमको एक प्रतिशतमा नबढ्ने गरी कोष सञ्चालन समितिले तोकेबमोजिम छुट्याउन सकिनेछ ।

२७. **<u>कोष सञ्चालन समितिले तोकेबमोजिम हुनेः</u>** यो कार्यविधिमा उल्लेख नभएका व्यवस्थाका सम्बन्धमा कोष सञ्चालन समितिले तोकेबमोजिम हुनेछ ।

२८. **<u>व्याख्या गर्ने अधिकारः</u>** यो कार्यविधिको व्याख्या गर्ने अधिकार कोष प्रमुखमा रहनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**सहकारी संस्था वा संघले रकम जम्मा गरेको विवरण फाराम**

आ.व. २० .....-........

संस्थाको नामः....................संस्थाको दर्ता नं. र मितिः...........नियामक निकायः........

प्रदेशः............................ स्थानीय तहः.............................. वडाः..................

| क्र.सं. | वार्षिक कारोवार रकम | जम्मा खर्च | खुद बचत | जम्मा गर्नुपर्ने रकम | लेखापरीक्षण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | भएको | नभएको | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

व्यवस्थापकको

नामः

दस्तखतः

मितिः

सञ्चालक समितिको अध्यक्षको

नामः

दस्तखतः

मितिः

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**अग्रिम दाखिला गर्ने सहकारी संस्था वा संघले रकम समायोजनको लागि पठाएको विवरण फाराम**

आ.व. २० ...-.............

संस्थाको नामः............संस्थाको दर्ता नं. र मितिः.......... नियामक निकायः ... ... ...

प्रदेशः................................ स्थानीय तहः .................... वडाः .................

| क्र.सं. | वार्षिक कारोवार रकम | जम्मा खर्च | खुद बचत | लेखा परीक्षण अनुसार जम्मा गर्नुपर्ने रकम | अग्रीम दाखिला गरेको रकम | कम वा बढी दाखिला भएको रकम | गर्नुपर्ने समायोजनको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

व्यवस्थापकको

नामः

दस्तखतः

मितिः

सञ्चालक समितिको अध्यक्षको

नामः

दस्तखतः

मितिः

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कोषमा रकम जम्मा गरेका सहकारी संस्था वा संघको अद्यावधिक विवरण फाराम**

आ.व.२० ...-.........

प्रदेशः

जिल्लाः

| क्र. सं. | सहकारी संस्थाको नाम | दर्ता नं./ मिति | संस्थाको ठेगाना | जम्मा गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

लेखा प्रमुखको

नामः

दस्तखतः

मितिः

कोष प्रमुखको

नामः

दस्तखतः

मितिः

अनुसूची-४
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## कोषमा जम्मा गरिएको रकमको अद्यावधिक विवरण

.........................चौमासिक–वार्षिक

| क्र.सं. | स्रोत | कोषमा प्राप्त रकम रु. | | | कोषाको रकमको उपयोग | | बाँकी मौज्दात रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | गत आ.व. सम्मको | चालु आ.व.को | जम्मा | संघलाई वितरण गरिएको रकम रु. | संचालन खर्चको रकम रु. | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

लेखा प्रमुखको
नामः
दस्तखतः
मितिः

कोष प्रमुखको
नामः
दस्तखतः
मितिः

अनुसूची-५
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**रकम जम्मा नगर्ने सहकारी संस्था वा संघको लगत**

आ.व. २० ...-..........

प्रदेशः

जिल्लाः

स्थानीय तहः

| क्र.सं. | सहकारी संस्थाको नाम | दर्ता नं./मिति | संस्थाको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

लेखा प्रमुखको
नामः
दस्तखतः
मितिः

कोष प्रमुखको
नामः
दस्तखतः
मितिः

अनुसूची -६

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## <u>सहकारी संस्था वा संघले कोषको रकम माग गर्ने निवेदनको ढाँचा</u>

श्री ... ... ..... ज्यू

............................

.................................

**विषयः <u>रकम उपलब्ध गराई पाऊँ</u> ।**

महोदय,

त्यस कोषबाट सहकारी नियमावली, २०७५ को नियम २६ को उपनियम (२) मा ब्यवस्था भए बमोजिमको रकम यस संघ र यस संघका सदस्यहरुले संचालन गर्ने परियोजना/कार्यक्रमका लागि सहकारी प्रवर्द्धन कोष संचालन कार्यविधि, २०७६ मा भएका व्यवस्था तथा सम्झौताका सर्तहरू पूर्ण रूपमा पालना गर्ने गरी यस......................... ... ... ...... ... प्रदेश..........जिल्ला.............पालिका... .... वडा नं .... स्थित ... ... ... ... ... ......................... रु. ... .... ... ... (अक्षरेपि .................. ............ ............ ) उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौं ।

सञ्चालक समिति/कार्यसमितिको बैठकको निर्णय तथा संस्थाको साधारण सभाको पूर्ण बैठकबाट पारित परियोजनासमेत तपसिलमा उल्लिखित कागजातहरू यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

| | |
|---|---|
| संस्था/संघको नामः | <u>भवदीय</u> |
| | नाम, थरः |
| | पदः |
| संस्थाको छापः | दस्तखतः |
| | मितिः |

अनुसूची -७

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## सहकारी संस्था वा संघको प्रस्तावहरुको विवरणको ढाँचा

| क्र.सं. | आयोजना संचालन गर्ने संघ/संस्थाको नाम, ठेगाना | संचालन गर्ने आयोजनाको नाम | आयोजना शुरु हुने मिति | आयोजना सम्पन्न हुने मिति | आयोजनाको जम्मा लागत | सम्बन्धित संघ/संस्थाले व्यहोर्ने रकम (प्रतिशत | कोषबाट माग गरिएको रकम (प्रतिशत) | आयोजनाबाट सालबसाली रुपमा सिर्जना हुने पूर्ण रोजगारी संख्या (वर्षमा २०८० घण्टाको एकजनाको हिसावमा) | आयोजनाबाट लाभान्वित हुने भूमिहीन कृषक सदस्य संख्या | आयोजनाबाट लाभान्वित हुने विपन्न महिला सदस्य संख्या | आयोजनाबाट लाभान्वित हुने बेरोजगार श्रमिक सदस्य संख्या | आयोजनाबाट स्थानीय उत्पादक सदस्यले हाल पाइहेको मूल्यमा थप मूल्य प्राप्त गर्न मद्दत गर्ने प्रतिशत | आयोजनाबाट दैनिक आवश्यकताका वस्तु वा आधारभूत स्वास्थ्य सेवा सुलभ हुन मद्दत गर्ने भए सोको व्यहोरा | आयोजनाबाट प्राकृतिक स्रोतको संरक्षण, लैङ्गिक समानता प्रवर्द्धन वा सामाजिक समावेशीकरणमा सकारात्मक प्रभाव पार्न मद्दत गर्ने भए सोको व्यहोरा | आयोजनाबाट निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने भए निर्यात गरिने देश र वार्षिक निर्यात लक्ष्य, परिमाण र रकम | आयोजनाबाट सहकारी कार्यमा नवपुस्ता र खास गरी विदेशबाट फर्किएका युवाहरुको सहभागितालाई प्रोत्साहन मिल्ने भए सोको व्यहोरा | आयोजनाबाट सहकारी सुशासन तथा सहकारिताको विकासमा सकारात्मक प्रभाव पर्ने भए सोको व्यहोरा | महल १ देखि १८ सम्मका आधारहरुबाट प्राथमिकिकरण संकेत (पहिलो प्राथमिकता १, दोस्रो २ र तेस्रो ३) | प्रस्तावक संघ/संस्थाको साधारण सभा र लेखापरीक्षणको नियमितता, वित्तीय सन्तुलन र सदस्य केन्द्रियताका दृष्टिले सुशासनको स्तर (अत्युत्तम १, उत्तम २ र मध्यम वा न्यून ३) | आयोजनामा नेपाल सरकार वा प्रदेश सरकारका निकाय वा स्थानीय तह वा अन्य कुनै निकाय वा संस्थाको प्राविधिक वा वित्तीय सहयोग हुने भए सोको व्यहोरा | प्रस्तावक संघ/संस्थाले अघिल्लो आ.व.क सहकारी प्रवर्द्धन कोषको रकम जम्मा गरेको वा जम्मा गर्न नपर्ने जानकारी गराएको मिति | आयोजनाका सम्बन्धमा अन्य उल्लेखनीय कुराहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

व्यवस्थापकको

नामः

दस्तखतः

मितिः

उपसमिति गठन गरिएको भए संयोजक तथा सदस्यहरुको नामः

दस्तखतः

मितिः

अध्यक्षको नामः

दस्तखतः

मितिः

अनुसूची -८

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

# सम्झौताको ढाँचा

**नेपाल सरकार, भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र श्री................................ महासंघ/संघबीच सम्पन्न सम्झौता-पत्र ।**

नेपाल सरकार, भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (यसपछि "मन्त्रालय" भनिएको) र श्री ... ... ........... महासंघ/संघ, ............... (यसपछि "महासंघ-संघ" भनिएको) का बीच सहकारी महासंघ/संघलाई कोष संचालन कार्यविधि, २०७६ (यसपछि "कार्यविधि" भनिएको) बमोजिम सहकारी ऐन, २०७४ अन्तर्गतको कोष संचालन समिति (यसपछि "कोष संचालन समिति" भनिएको) बाट स्वीकृत भएअनुसार सहकारी प्रवर्धन कोषको रकम दिनेलिने सम्बन्धमा तपसिलमा उल्लिखित शर्त-बन्देजहरू एक-आपसमा पालना गर्ने गरी दुवै पक्षको राजीखुसीले मन्त्रालयको, ......... भवनमा बसी यो सम्झौता-पत्रमा सहीछाप गरी एक-एक प्रति बुझी लियौंदियौं ।

१. मन्त्रालयलले मिति ... ... ... मा संघले पेस गरेको निवेदनका आधारमा कोष संचालन समितिले मिति............मा स्विकृत गरेको संलग्न विवरणमा उल्लेख भएबमोजिमको प्रयोजनमा उपयोग गर्ने गरी महासंघ/संघलाई कोषवाट रु. ... ... ......... (अक्षरेपि ... ... ... ... ... ... ... ... ... ... ... ...) रकम प्रदान गर्नेछ ।

२. बुँदा (१) मा उल्लिखित रकम कोषले महासंघ/संघलाई एकमुष्ट/देहायबमोजिम दुई किस्तामा भुक्तानी दिनेछः-

(क) महासंघ/संघले रकम माग गरेको सात दिनभित्र स्वीकृत सीमाको ... ... प्रतिशतले हुने रु. ... ... ... (अक्षरेपि... ... ... ... ... ... ... ... ... ... ... ...) पहिलो किस्ताबापत र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकम पूरै उपयोग गरी परिचालन प्रतिवेदनसहित रकम माग गरेको पन्ध्र दिनभित्र स्वीकृत सीमाको बाँकी

... ... प्रतिशतले हुने रु. ... ... ... (अक्षरेपि... ... ... ... ... ... ... ... ... ... ... ...) दोस्रो किस्ताबापत ।

३. बुँदा (२) बमोजिमको रकम माग-पत्रसँगै महासंघ/संघले कार्यविधि बमोजिम कोष सञ्चालन समितिले रकम स्वीकृत गर्दा कुनै शर्त राखेको भए त्यस्तो शर्त पूरा गरेको प्रमाणसमेत संलग्न गर्नुपर्नेछ ।

४. बुँदा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महासंघ/संघले बुँदा (३) बमोजिमको शर्त पूरा गरेको प्रमाण संलग्न गर्नुपर्नेमा नगरेकोमा पहिलो वा दोस्रो किस्ताबापतको वा महासंघ/संघले पेश गरेको पहिलो किस्ताको परिचालन प्रतिवेदन सन्तोषजनक नदेखिएको खण्डमा दोस्रो किस्ताबापतको रकम भुक्तानी दिइने छैन ।

५. महासंघ/संघले कोषवाट प्राप्त रकम आफ्नो खातामा आम्दानी बाँधी स्विकृत परियोजनामा मात्र परिचालन गर्नुपर्नेछ तथा परिचालन गर्दा कोषको रकम अन्य कुनै पनि प्रयोजनमा लगाउन नहुने लगायतका कार्यविधिमा उल्लेखित सम्पूर्ण शर्त-बन्देजहरूको पालना गर्नुपर्नेछ । तर ऐनको दफा ७० को उपदफा (८) बमोजिमको २५ (पच्चीस) प्रतिशत रकम स्वीकृत भएको ब्यवसायको प्रबर्द्धन, शिक्षा, सूचना, तालीम, बजारप्रबर्द्धन र संस्था वा संघको अनुगमन लगायतका काममा खर्च गर्न बाधा पर्ने छैन ।

६. महासंघ/संघले कोषवाट प्राप्त रकम सम्वन्धित सदस्य संस्थालाई उपलब्ध गराउदा कार्यविधिका ब्यवस्था र यो सम्झौताका शर्त बन्देजहरुको पालना सुनिश्चित गर्ने गरी संचालक समितिले तोकेको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

७. महासंघ/संघले कार्यविधिमा तोकिएको ढाँचामा कोषवाट प्राप्त रकम उपयोगको अभिलेख दुरुस्त राख्नुका साथै चौमासिक, वार्षिक परिचालन प्रतिवेदनलगायत कोषले मागेका बखत मागे बमोजिमको विवरण अविलम्ब पठाउनुपर्नेछ ।

८. महासंघ/संघले कार्यविधिमा तोकिएबमोजिम कोषवाट प्राप्त रकमको लेखा तथा स्रेस्ता जुनसुकै बखत अद्यावधिक राखी लेखापरीक्षण गराएर साधारण

सभाबाट स्वीकृत भएपछि लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ ।

९. मन्त्रालयले जुनसुकै बेला कोषवाट प्राप्त रकम उपयोगक अवस्थाको स्थलगत अनुगमन गर्न सक्नेछ तथा महासंघ/संघ र सम्बन्धित संस्थाले त्यसमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

१०. बुँदा ९ बमोजिम अनुगमन गर्दा महासंघ/संघ वा सम्वन्धित संस्थाले कोषवाट प्राप्त रकमको सदुपयोग नगरेको वा यो सम्झौता-पत्र वा कार्यविधिका व्यवस्थाहरूको उल्लङ्घन हुने गरी कार्य गरेको पाइएमा मन्त्रालयले जुनसुकै वेला बाँकी किस्ताको भुक्तानी रोक्का राख्नुका साथै यो सम्झौता–पत्र रद्द गर्न सक्नेछ ।

११. महासंघ/संघ वा सम्वन्धित संस्थाले यो सम्झौता-पत्रको सम्पूर्ण बेहोराको जानकारी लगत्तै बस्ने साधारण सभाको बैठकमा गराउनुपर्नेछ ।

१२. महासंघ/संघ वा सम्वन्धित संस्थाले कोषवाट प्राप्त रकम उपयोग गर्दा सहकाारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ का ब्यवस्थाको पालना गर्नु पर्नेछ तथा पालना नगरेको अवस्थामा सोही तथा नियमावलीका ब्यवस्था बमोजिम हुनेछ ।

१३. महासंघ/संघले काबुबाहिरको परिस्थितिका कारण यो सम्झौता-पत्रको कुनै बुँदामा संशोधन गर्नुपर्ने भएमा त्यस्तो घटना घटेको पैंतीस दिनभित्र मन्त्रालयमा निवेदन दिनुपर्नेछ र औचित्यका आधारमा दुवै पक्षको आपसी सहमतिले संशोधन गर्न सकिनेछ ।

१४. यो सम्झौता-पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवश कोषमा रकम नपुग भएको खण्डमा मन्त्रालयले तत्सम्बन्धमा महासंघ/संघलाई जानकारी गराई यो सम्झौता-पत्रबमोजिम दिनुपर्ने भुक्तानी पर सार्न सक्नेछ ।

१५. यो सम्झौता-पत्रमा नलेखिएको कुनै कुराका सम्बन्धमा वा यसमा लेखिएको कुनै कुरा कार्यविधिसँग बाझिएकोमा कार्यविधि बमोजिम हुनेछ ।

१६. यो सम्झौता-पत्रको कुनै प्रावधानका सम्बन्धमा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा त्यस्तो विवादको निरूपण गरिनेछ ।

१७. बुँदा १६ बमोजिम विवादको निरूपण हुन नसकेको खण्डमा कोष सञ्चालन समितिको निर्णयबमोजिम हुनेछ तथा तत्सम्बन्धमा सो समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१८. यो सम्झौता-पत्रमा लेखिएका कुरा यसै बमोजिम र यसमा नलेखिएका कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

इति संवत् ... ... ... साल ... ... महिना ... गते रोज ... शुभम्–

**सहीछाप**

| <u>महासंघ/संघको तर्फबाट</u> | <u>मन्त्रालयको तर्फबाट</u> |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| छापः | छापः |

**रोहबर**

| | |
|---|---|
| १. नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| २. नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षरः |